# उपप्रमुखसँग किशोरी छात्रवृती वितरण समवन्धी कार्यविधी २०८०

**प्रस्तावनाः**

नेपालको संविधानले माध्यामिक शिक्षा सम्मको व्यवसथापन गर्ने कार्यलाई स्थानिय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानिय सरकार संचालन एन २०७४ ले स्थानिय तहको कार्यक्षेत्र भित्र छात्रवृद्धिको व्यवस्थापन गर्ने भनि व्यवस्था गरेको सन्दर्भमा यस छात्रवृद्धिलाई प्राविधिक १८ महिने प्रमाण पत्र तह,डिप्लोमा प्राविधिक र स्नातक तहमा प्रदान गर्ने किशोरी छात्रवृती वितरण प्रकृयामा एकरुपता कायम गरी अपाङ्गता भएका कीशोरी, दलित,जनजाति परिवारका सन्ततीहरुले किशोरी छात्रवृति प्राप्त गर्ने व्यवस्थालाई सुनिश्चित गर्ने उदेश्यले स्थानिय सरकार संचालन एन२०७४ को दफा १०२ को उपदफा२ले दिएको अधिकार प्रयोग गरी बडीमालिका नगरपालिका उपप्रमुखसंग छात्रवृति वितरण कार्यविधी बनाई लागू गर्न बाञ्छनिय भएकोले यो कार्यविधी तर्जुमा गरीएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उपप्रमुखसंग किशारी छात्राछात्रवृति वितरण सम्वन्धी कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिका अन्तरगत प्राविधिक तथा अप्राविक शिक्षा प्रदान गर्ने विद्यालय विषयहरु अध्ययन गर्ने छात्राहरुका लागि बडीमालिका नगरपालिकामा स्थायी बसोबास भएका अविवाहित छात्राहरुलाई मात्र केन्द्रियत गरिएको छ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) **"नगरपालिका"** भन्नाले वडिमालिका नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"नगरकार्यपालिका"** भन्नाले बडीमालिका नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) **"प्रमुख"** भन्नाले बडीमालिका नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(घ) **" उपप्रमुख"** भन्नाले बडीमालिका नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बडीमालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) **" शाखा प्रमुख"** भन्नाले बडीमालिका नगरपालिको महिला तथा बालबालिका शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(छ) **"छात्रवृत्ति"**भन्नाले बडीमालिका नगरपालिकाबाट नियमित वा आंशिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक/प्राविधिक तथा अप्राविधिक विषय अध्ययन गर्नका लागि तोकिए बमोजिम प्रदान गरिने रकमलाई जनाउनेछ।

(ज) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित शैक्षिक/ प्राविधिक तथा अप्राविधक छात्रवृत्ती व्यवस्थापन तथा वितरण समितिलाई सम्झनु पर्दछ।

(झ) **"विद्यालय"** भन्नाले प्राविधिक तथा अप्राविधिक विषय अध्ययन अद्यापन हुने शैक्षिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ञ) किशोरी भन्नाले १० देखि १९ वर्ष उमेर समुहलाई सम्झनु पर्दछ ।

३. <u>प्राविधिक अप्राविधिक छात्रवृती</u>: नेपाल सरकारले प्राविधिक विधा भनी किटान गरिएको कक्षा १२कक्षा ,डिप्लोमा,१८ महिने प्राविधिक र स्नातक तहसम्म अध्ययन गर्ने बडीमालिका नगरपालिका भित्र स्थायी बसोबास भै बडीमालिका नगरपालिका भित्रके विद्यालयमा अध्ययनरत छात्राहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## समिति सम्बन्धी व्यवस्था

४. <u>छात्रवृती व्यवस्थापन तथा वितरण समितः</u> उपप्रमुख किशारी छात्रा छात्रवृती व्यवस्थापन तथा वितरण गर्ने तपसिलको एक समिति रहने छ ।

| | |
|---|---|
| नगरउप प्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| विदयालय प्र अ | - सदस्य |
| महिला शाखा प्रमुख | - सदस्य सचिव |

५. <u>समितीको काम कर्तव्य अधिकारः</u> समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) उपप्रमुखसंग किशोरी छात्रबृत्ती व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकारहरु तपसिल बमोजिम हुनेछन:

(ख) किशोरी छात्रबृती वितरणका लागि प्राविधिक तथा अप्राविधिक बिषयमा अध्ययनरत बिद्यार्थीहरुलाई आवेदन दिन अनुसुची-१ बमोजिमको ढाँचामा फारम भर्न सूचना प्रकाशन गर्ने।

(ग) सूचना प्रकासन पश्चात फारम भर्ने विधार्थीहरुका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने।

(घ) छात्रबृत्ति प्राप्त गर्न योग्य अविवाहित छात्राहरु छनौट गर्ने ।

(ङ) सम्बन्धित बिद्यालयको खातामा छात्रबृत्ती रकम निकासाको लागि महिला तथा बालबालिका शाखालाई सिफारिस गर्ने ।

(च) वजेटको परिधी भित्र रहेर किशोरी छात्रवृती कोटा निर्धारण गर्ने।

(छ) समितिका पदाधिकारीहरुले कानुनले तोके बमोजिम बैठक भत्ता उपलब्ध गराइने छ।

(ज) पारीश्रमिक वापत १५प्रतिशतका दरले करकट्टा हुनेछ।

(झ) एकमुष्ट रुपमा प्राप्त छात्रवृती रकममा समतीले रकमलाई मनासिव तरीकाले वजेट बाडफाड गर्नसक्ने छ।

## परिच्छेद -३

## छात्रवृति प्रदान गर्ने प्रकृया

६. <u>छात्रा छात्रवृत्ती प्रदान गर्ने छनौटका प्रकृयाहरु</u>

(क) प्राविधिक तथा अप्राविधिक विषय अध्ययन गर्ने छात्राहरु छनौट गर्दा तपसिल बमोजिका प्रकृयाहरु अपनाउनु पर्नेछ:

(ख) प्राविधिक तथा अप्राविधिक विषय अध्ययन गर्ने छात्राहरुलाई छात्रा छात्रवृती प्राप्त गर्नका लागी नगरपालिकाको महिला तथा बालबालिका शाखामा निवेदन सहित फारम भर्न आव्हान गरि अनुसुची-१ बमोजिमका आधारहरु सहित सूचना प्रकाशन गर्ने,

(ग) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसुची- २ बमोजिमका आधार बमोजिम हुने गरी छुट्टा छुट्टै दर्ता गर्ने ।

(घ) दर्ता भएका निवेदन, छात्राहरुका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने,

(ङ) उपदफा (ख) र (ग) बमोजिम छात्राहरुको विवरण र प्रमाणित कागजातको आधारमा अनुसुची -३ अनुसारको ढाँचामा छात्राहरुलाई अंक प्रदान गर्ने,

(च) प्राप्त गरेको अंकका आधारमा योग्यताक्रम तयार गर्ने,

(छ) तयार गरिएको योग्यताक्रम समितिमा पेश गर्ने र समितिले छात्रवृत्तिको छनौट गर्ने,

(ज) नगरपालिकाको महिला तथा बालबालिकाबाट छनौट भएका छात्राहरु अध्ययनरत विद्यालयको खातामा एकमुष्ट रुपमा छात्रा छात्रवृती रकम निकाषा गर्ने र छनौट भएका विद्यार्थीको नाम सहित रकम निकासा पत्र समेत दिने,

(झ) रकम प्राप्त भएपछि विद्यालयले सम्बन्धित विधार्थीहरुलाई छात्रबृती वाफतको रकम वितरण गरी भरपाई नगरपालिकामा पेश गर्ने

## परिच्छेदः-४

## विविध

७. <u>अनुगमनः</u> विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृती रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ ।

८. <u>कार्यविधिमा संशोधनः</u> यस कार्यविधीमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

९. <u>प्रचलिन कानून लागू हुनेः</u> यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसंग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

१०. <u>बचाउः</u> यस अघि भए गरेका उपप्रमुखसंग किशोरी छात्रवृति वितरण सम्वन्धी कार्यविधी बमोजिम भएगरेको मानिनेछ ।

अनुसूची १

( परिच्छेद २ दफा ४ को उपदफा (क) सँग सम्वन्धित )

उपप्रमुख प्राविधिक तथा अप्राविधिक किशोरी छात्रवृती आवेदन फारम

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु

वडिमालिका नगरपालिकाको कार्यालय

मार्तडी ,वाजुरा

**बिषय :शैक्षिक / प्राविधिक / अप्राविधिक छात्रा छात्रवृत्तिका लागि निवेदन।**

महोदय,

उपर्युक्त विषयमा यस बडीमालिका नगरपालिका वडा नं ................ निवासी श्री......................... .... .. को नाति/नातिनी श्री................................................ को छोरा/छोरी म ................. ..... ले यस नगरपालिकाबाट आ. व. ........................ मा प्रदान गरिने शैक्षिक/ प्राविधिक छात्रवृत्ति ...... .........संकायको .................................. विद्यालय/शिक्षालय/क्याम्पस/विश्वविद्यालयको १८ महिने प्राविधिक / प्रमाणपत्र तह/ कक्षा ११ -१२/ डिप्लोमा/ स्नातक तह......................... विद्यालय/ शिक्षालय/ क्याम्पस / विश्वविद्यालय मा अध्ययन गर्दै आएकोले छात्रवृत्ति पाउँ भनी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु। मैलेँ प्राप्त गरेको शैक्षिक योग्यताको विवरण निम्नानुसार रहेको छ।

| क्र सं | शैक्षिक संस्थाको नाम | उत्तीर्ण गरेको कक्षा/ तह | प्राप्ताङ्क जिपिए/प्रतिशत | श्रेणी | उत्तीर्ण गरेको वर्ष |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

निवेदकको
नामः ...............
ठेगाना :
दस्तखतः

१. विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
२. विद्यालयको परिचयपत्रको प्रतिलिपी
३.अपांगताको लागी आधिकारिक निकायवाट प्रदान गरिएको अपाङ्गता परिचय – पत्रको प्रतिलिपी
४. आमा वा बुवा दुवै नभएको भए मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी
५.आदीवासी जनवातीकोहकमा आधिकारिक निकायवाट प्रमाणित पत्रको प्रतिलिपी (नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सुचिकृत भएका लागी मात्र )
६.दलितको हकमा उक्त घर भएको दलित जाती हो भनेर आधिकारिक निकायबाट प्रमाणपत्रको प्रतिलिपी
७. भर्ना भएको शैक्षिक संस्थामा लाग्ने शुल्कको सम्वन्धित शैक्षिक संस्थाको प्रमाणित शुल्क विवरण खुल्ने कागजाजात।
८. हाल सम्म प्राप्त गरेको मान्यता प्राप्त शैक्षिक संस्थाको शैक्षिक प्रमाण पत्रहरुको प्रतिलीपी
९ .वावु / आमाको मृत्यु दर्ता १८ वर्ष मुनिका बालबालिकाका लागि मात्र आवश्यक पर्ने छ ।
१०. सम्वन्धित वसोवास गरेको वडा कार्यालयवाट अविवाहित प्रमाणित गरेको हालैको पत्र ।

अनुसूची २

परिच्छेद ३ दफा ५ को उपदफा क संग सम्बन्धित

प्राविधिक / अप्राविधिक छात्रवृति छनौटका आधारहरु प्रतिशतमा

| सि.नं | विधा | विपन्न किशोरी | जेहन्दार | दलित | अपाङ्गता | आदिवासी जनजाति | छात्रवृति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ११ र १२ | २५ | २ | ३ | १ | १ | ५० |
| २ | १८ महिने प्राविधिक | १० | ३ | ५ | २ | ३ | २५ |
| ३ | डिप्लोमा प्राविधिक | १० | ३ | ५ | २ | ३ | २५ |
| ४ | स्नातक तह | १५ | २ | २ | ० | ३ | २५ |
| | जम्मा | ६० | १० | १५ | ५ | १० | |

अपाङ्गता भएका व्यक्तिहरुको हकमा ख वर्गको परिचय पत्र भए ५ अङ्क
ग वर्गको परिचयपत्र भए ३ अङ्क
घ वर्गको परिचय पत्र भए २ अङ्

**अनुसुचि-३**

उपमेयर प्राविधिक छात्रवृत्ति प्रदान गर्नका लागि विद्यार्थी छनौटको मुल्याङ्कन फारम

(परिच्छेद ३ दफा ६ को उपदफा (ङ) सँग सम्बन्धित)

| क्र स | मुल्यांकनका आधारहरु | पुणार्डक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| **१** | **अध्ययनरत संस्था** | **२०** | | |
| क | सामुदायिक | २० | | |
| ख | गुठि | १८ | | |
| ग | संस्थागत | १५ | | |
| घ | अन्य | १२ | | |
| **२** | **बुवा आमाको अवस्था** | **२०** | | |
| क | बुवा आमा दुवै नभएको | २० | | |
| ख | आमा भएको बुवा नभएको | १८ | | |
| ग | बुवा भएको आमा नभएको | १५ | | |
| घ | बुवा आमा दुवै भएको | १२ | | |
| **३** | **परिवारको प्रमुख आयस्रोत** | **२०** | | |
| क | कृषि | २० | | |
| ख | वैदेशिक आय | १८ | | |
| ग | घरभाडा | १६ | | |
| घ | व्यापार | १४ | | |
| **४** | **शैक्षिक योग्यता** | **२०** | | |
| क | ३.६ वा सो भन्दा माथी | १० | | |
| ख | २.८देखि ३.५९ सम्म | ५ | | |
| ग | २.० देखि २.७९ | ३ | | |
| घ | २.० भन्दा कम | २ | | |
| जम्मा | | १०० | | |